# 'याम्बुनेर' कथामा अनुभूतिको संरचना
# (The Structure of Experience in the Story 'Yambuner')

**दामोदर सापकोटा**[१]

***लेखसार***

*प्रस्तुत आलेखमा बिना थिङद्वारा रचित याम्बुनेर (२०७७) कथाको समाजशास्त्रीय अध्ययन गरिएको छ। समाजशास्त्रीय अध्ययनका विभिन्न आयाममध्ये रेमन्ड विलियम्सद्वारा प्रस्तावित अनुभूतिको संरचनालाई विश्लेषणको आधार बनाइएको छ। यो अध्ययन याम्बुनेर कथामा के कस्ता पिँढी आएका छन् र ती पिँढीहरूले प्रभुत्वशाली पिँढीका परिप्रेक्षमा के कस्तो दबाब र तनावको अनुभूति गरेका छन् भन्ने समस्यामा आधारित छ। यही समस्यामा केन्द्रित रहेर 'याम्बुनेर' कथाको विश्लेषण गरिएको छ। यस अध्ययनका निम्ति सामग्रीको सङ्कलन पुस्तकालयविधिबाट गरिएको छ भने ती प्राप्त सामग्रीको विश्लेषण गरी निष्कर्ष निकालिएको छ। अध्ययनका अन्त्यमा प्रभूत्वशाली पिँढीका रूपमा रहेको शासकीय सत्ता र त्यसको दबाबमा दोस्रो पिँढीले गरेको विशिष्ट अनुभूतिलाई देखाइएको छ। प्रभूत्वशाली पिँढीले काँठका तामाङ समुदायमाथि गरेको दमन र शोषणबाट त्यो समुदायका मानिसले दबाब र तनावजन्य अनुभूति गरेका छन्। यसमा उदीयमान पिँढीका रूपमा सोममाया आएकी छ। उसले दबाबजन्य अनुभूतिबाट विद्रोहको जन्म दिएकी छ। यहाँ पिँढी र समुदायबीचको दबाब र तनावको समाधान स्वरूप वैकल्पिक संस्कृतिको निर्माण नभएपनि त्यसको सुरुवातको छनक भने सोममायाका कार्यबाट देख्न सकिन्छ। यसर्थ यसमा उदीयमान पिँढीले नयाँ संस्कृतिको निर्माण गर्ने प्रयास गरेको निष्कर्ष निकालिएको छ। राजधानीको नजिक रहेर पनि सँधै सत्ताभन्दा टाढा रहेको अनुभूति गर्ने काँठका तामाङ समुदायको जीवनानुभूतिलाई यस कथामा निकै कलात्मक र मार्मिक ढङ्गले प्रस्तुत गर्न सक्नु लेखकको वैशिष्ठ्य हो र यो नै यसको प्राप्ति पनि हो।*

**शब्दकुञ्जी** : प्रभुत्व, पिँढी, अवशिष्ट, उदीयमान, अधीनस्थ, सीमान्तीयता

## १. **विषयपरिचय**

याम्बुनेर कथा बिना थिङद्वारा लिखित सामाजिक यथार्थवादी कथा हो। यो कथा याम्बुनेर कथासङ्ग्रह (२०७८) मा सङ्ग्रहीत छ। बिना थिङ शासकीय सत्ताबाट किनारामा रहेका वा सीमान्तमा रहेका समुदायको कथा लेख्नमा खप्पिस छिन्। उनका अहिलेसम्म जम्मा तीनवटा कृतिहरू प्रकाशित भएका छन्। उनको पहिलो प्रकाशित कृति 'रातो घर' कविता सङ्ग्रह हो भने दोस्रो कृति 'छुकी' कथा सङ्ग्रह हो। प्रस्तुत 'याम्बुनेर' कथा सङ्ग्रह उनको तेस्रो प्रकाशित कृति हो। यो कथा काठमाडौँको नजिकै काँठमा बस्ने तामाङ समुदायमाथि राज्य वा सत्ताले गरेको उत्पीडन, दमन र शोषणमा आधारित छ।

१ विद्यार्थी, दर्शनाचार्य-विद्यावारिधी तह, त्रिवि, कीर्तिपुर, नेपाल, इमेलः s66damodar@gmail.com

अनुभूतिको संरचना बेलायती समाजशास्त्री रेमन्ड विलियम्सको समाजशास्त्रीय अवधारणा हो । यसले समाजमा एकै समयमा तीन प्रकारका पिँढी रहने र ती पिँढीले भिन्न भिन्न अनुभूतिको संरचनाको निर्माण गर्ने ठान्दछ। उनले समाजका ती तीन तहका पिँढीमध्येमा प्रभूत्वशाली पिँढीले अवशिष्ट पिँढीमाथि दबाब र तनावको सिर्जना गर्ने बताउँछन् । यस अनुभूतिको संरचनाले त्यो वैकल्पिक पिँढीले गर्ने अनुभूतिको र त्यस पिँढीले निर्माण गर्ने नयाँ संस्कृतिको अध्ययन गर्दछ। त्यसैले यो अनुभूतिको संरचना समाजशास्त्रीय विश्लेषणको एक आधार हो । यस आलेखमा अनुभूतिको संरचनाका आधारमा याम्बुनेर कथाको समाजशास्त्रीय विश्लेषण गरिएको छ। यो अध्ययन याम्बुनेर कथामा पिँढीगत अनुभूतिको संरचना के कस्तो रहेको छ र त्यसको अभिव्यक्ति कसरी गरिएको छ भन्ने समस्यामा केन्द्रित छ र त्यसको समाधान खोज्ने प्रयास पनि गरिएको छ। त्यसको अध्ययनका लागि प्राथमिक स्रोतसामग्रीका रूपमा याम्बुनेर कथालाई लिई द्वितीयक स्रोतसामग्रीका रूपमा अनुभूतिको संरचनासँग सम्बन्धित सैद्धान्तिक मान्यतालाई लिइएको छ र विश्लेषणका निम्ति गहनपठन र विश्लेषण विधिको प्रयोग गरिएको छ।

## २. अनुभूतिको संरचना

बेलायती चिन्तक रेमन्ड विलियम्स (सन् १९२१-१९८८) अनुभूतिको संरचना सिद्धान्तका प्रवर्तक हुन् । उनले समाज र संस्कृतिको सम्बन्धको व्याख्या गर्ने हुनाले उनको अध्ययनलाई संस्कृतिकेन्द्री अध्ययन मानिन्छ। उनका अनुसार 'लेखकलाई संस्कृति र समाजमा आएको परिवर्तन र तिनका बीचको सम्बन्धको बोध हुनुपर्छ । त्यस्ता लेखक नै महत्त्वपूर्ण हुन्छन्'' (पाण्डेय,२०७८,पृ.२५) । उनले लेखकमा विभिन्न कालखण्डमा हुने सामाजिक परिवर्तनको र सामाजिक वस्तुस्थितिको बारेमा ज्ञान हुनुपर्ने कुरामा जोड दिएका छन् । उनले संस्कृतिलाई जीवनको समग्र पद्धतिका रूपमा स्वीकार गरी आफ्ना कृतिहरूमा संस्कृतिलाई धेरै महत्त्व दिएको देख्न सकिन्छ । उनले जसरी मानवीय सम्बन्धमा संस्कृतिले जीवन्तता प्राप्त गर्दछ, त्यसरी नै कृतिसँग संस्कृतिको सम्बन्धले पनि जीवन्तता प्राप्त गर्दछ भन्ने ठान्दछन् । विलियम्सले संस्कृतिका तीन रूप वा स्तरको चर्चा गर्ने क्रममा संस्कृतिलाई दस्तावेजबाट ग्रहण गरिने विषय मात्र नभई समाजमा रहेको जीवन्त अनुभव हो भनेका छन् । संस्कृतिको जुन दस्तावेजी रूप दार्शनिक र सिर्जनात्मक कृतिहरूमा पाइन्छ, त्यसमा मानवीय चिन्तन र अनुभवको अभिव्यक्ति हुन्छ। संस्कृति लेखिएको दस्तावेजबाट ग्रहण गरिने विषय मात्र होइन, यो समाजमा रहेको जीवन्त अनुभव हो । समाजमा मानव समुदाय र वातावरणबीचको द्वन्द्वात्मक सम्बन्धबाट बनेको मानव स्वभावमा संस्कृतिको अभिव्यक्ति हुन्छ (पाण्डेय, २०७८,पृ.२६) । संस्कृति जीवन्त अनुभूतिका रूपमा कृतिमा अभिव्यक्त हुन्छ र त्यही साहित्यका अध्ययताको चिन्तनीय तथा विश्लेषणीय विषय बन्दछ।

अनुभूतिको संरचना दुई शब्द मिलेर बनेको छ। अनुभूतिको संरचनामा रहेको संरचनाले कृतिको रूप पक्षलाई सङ्केत गर्दछ भने अनुभूतिले विषय वा अन्तर्वस्तु पक्षलाई सङ्केत गर्दछ । यसलाई एउटा कालखण्डको संस्कृतिका रूपमा लिन सकिने उनको मान्यता रहेको छ। उनका विचारमा एउटै समाजका सबैले एउटै अनुभूति गरेका हुँदैनन् । त्यहाँका समुदाय वा व्यक्तिले फरकफरक अनुभूति गरेका हुन सक्छन् । त्यसैले उनले एकै समय विन्दुमा पनि तीन प्रकारको अनुभूतिको संरचना रहने ठान्दछन् । कुनै संस्कृति प्रारम्भमा व्यक्तिगत स्तरमा व्यक्त हुन्छ भने पछि सामाजिक वा संस्थागत रूपमा अभिव्यक्त हुन्छ त्यसैले विचारभन्दा अनुभूतिलाई, वर्गभन्दा समुदायलाई र सामाजिक संरचनाभन्दा पिँढीलाई विलियम्सले महत्त्व दिन्छन् । उनले यस अनुभूतिको संरचनालाई समुदायभित्रका व्यक्ति र समूहको द्वन्द्वात्मक सम्बन्ध, दबाब र तनावको अन्तर्सम्बन्ध र त्यस दबाब

र तनावले जन्माएको अनुभूति कस्तो छ अनि त्यो कसरी व्यक्त भएको छ त्यसको अध्ययन गर्ने मान्यताका रूपमा व्यक्त गरेका छन् ।

अनुभूतिको संरचना व्यवहारिक अनुभव र सैद्धान्तिक उपकरण दुबै हो जुन उत्पादन नभई एउटा प्रक्रिया मात्र हो । यस सिद्धान्तले पूर्व निर्धारित सैद्धान्तिक पद्धतिलाई स्थापित गरेको छ र अन्तर्वस्तुलाई स्थापित गरेको छ । अनुभूतिको संरचनाका माध्यमबाट त्यो कुनै कालखण्ड विशेषको समाजका समुदायहरूका बीचको अन्तर्सम्बन्ध, त्यस क्रममा सिर्जना हुने दबाब र तनाव अनि त्यसले जन्माउने विशिष्ट अनुभूतिसँगै उक्त दबाब र तनावको समाधान स्वरूप देखा पर्ने प्रयत्नले जन्माउने अर्को अनुभूति आदिका समग्रताको अध्ययन गर्न सकिन्छ । विलियम्स भन्छन्-

> कुनै पनि समाजमा एउटा कालविशेषमा व्यवहारहरू, मूल्यहरू र अभिप्रायहरूको एउटा केन्द्रीय पद्धति हुन्छ जसलाई प्रभुत्वशाली भन्न सकिन्छ । यससँगै एउटा वैकल्पिक व्यवस्था पनि हुन्छ जसले अर्को परम्पराका लागि स्थान बनाउँछ । विलियम्स प्रभुत्वशाली र वैकल्पिक परम्पराहरूका साथै परम्पराको पुरै प्रक्रियामा अवशिष्ट र उदीयमान परम्पराहरूको पनि चर्चा गर्छन् । अवशिष्टको तात्पर्य त्यस्ता अनुभव, अर्थ र मूल्य हुन् जसको प्रमाणीकरण सम्भव हुँदैन, न प्रधान सँस्कृतिमा नै त्यो अभिव्यक्त हुन्छ ... समाजमा नयाँ अर्थ र मूल्य, नयाँ व्यवहारहरू, नयाँ अनुभव र नयाँ सार्थकताहरू निर्मित हुँदै जान्छन् । तिनलाई आफूभित्र समाहित गर्ने प्रयास प्रभुत्वशाली परम्पराकातर्फबाट पनि हुन्छ र विरोधको वैकल्पिक परम्पराका तर्फबाट हुन्छ । (पाण्डेय, २०७८,पृ.२७)

समाजमा पहिलो पिँढी शासक वा प्रभुत्वशाली, दोस्रो पिँढी पहिलो पिँढीको विकल्पमा आफ्नो अनुभूतिको संरचना निर्माण गर्दछ जसका कारण दबाब र तनावको सिर्जना हुन्छ । त्यही दबाब र तनावबाट मुक्त हुन तेस्रो पिँढीले वैकल्पिक बाटो लिन्छ र नयाँ अनुभूतिको संरचना जन्माउँछ । कालान्तरमा त्यही उदयमान पिँढी प्रभुत्वशाली पिँढीमा रूपान्तरित हुन्छ र समाज नयाँ गतिमा अगाडि बढ्दै जान्छ । विलियम्सको यस सिद्धान्तलाई हेगेलको वाद, प्रतिवाद र संवादको सामाञ्जस्यतामा राखेर हेर्न सकिन्छ । हेगेलले स्थापित विचारलाई वाद भनी त्यसका विरूद्धमा आउने नयाँ विचारलाई प्रतिवाद भनेका छन् र यी दुबैको द्वन्द्वबाट निसृत विचारलाई संवाद भनेका छन् । यसरी हेर्दा वादलाई प्रभुत्वशाली पहिलो पिँढीका रूपमा, प्रतिवादलाई दोस्रो अवशिष्ट पिँढीका रूपमा र संवादलाई तेस्रो उदीयमान पिँढीका रूपमा लिन सकिन्छ ।

मूर्त रूपमा अनुभूति संरचनाविहीन भए पनि सिर्जनामा संरचनाबिना प्रकट हुन सक्दैन । विश्वास, व्यवस्थाहरू, संस्थाहरू, व्यक्त सामान्य सम्बन्धहरू अर्थात् विचारधारादेखि टाढा जुन कुराहरू चेतनामा हुन्छन्, ती अनुभूतिको संरचना हुन् । अनुभूतिको संरचनालाई मूर्तता प्रदान गर्न उनले मूलतः तीन ओटा पिँढीलाई अघि सारेका छन् । ती तीन प्रकारका पिँढीले गर्ने विभिन्न अनुभूतिको अध्ययन नै यसको मूख्य लक्ष्य हो । यस अनुभूतिको संरचनाका माध्यमबाट कुनै पनि कृतिको अध्ययन विश्लेषणका निम्ति विभिन्न सूचकहरूको निर्धारण गर्न सकिन्छ । यहाँ दुईवटा सूचकको निर्धारण गरी याम्बुनेर कथाको अनुभूतिको संरचनाको अध्ययन र विश्लेषण गरिएको छ ।

क. पिँढी र प्रभुत्वको परिप्रेक्ष्यमा संस्कृति र अनुभूति,

ख. दबाब र तनावका परिप्रेक्ष्यमा अनुभूतिको संरचना ।

**३. याम्बुनेर कथाको आख्यान सन्दर्भ**

याम्बुनेर नेपालको राजधानी काठमाडौँको नजिकै काँठमा बस्ने तामाङ समुदायको कथा हो। लेखक आफू २०५२ सालमा हेटौँडाबाट बुढानिलकण्ठदेखि अलि माथि तैलुङ थुम्कोमा विवाह गरेर आएपछि उनले त्यहाँ देखेका, भोगेका अनुभूतिहरूलाई प्रस्तुत गरिएको कथा हो। लेखककै शब्दमा ''याम्बुनेरैको भूगोल र भोगाइले उद्वेलित भएकी हुँ म। तिनकै दुःख, सुख, हर्ष, रोदन, सबैसबैको साक्षी उभिएर लेख्दालेख्दै 'याम्बुनेर' तयार भएको हो (भूमिका)।'' यस कथनबाट कथाकारले आफुले त्यस समाजमा २५ वर्षसम्म भोगेका विषयवस्तुलाई यथार्थ ढङ्गले प्रस्तुत गरेको कथा हो भन्ने पुष्टि हुन्छ। यो कथा राजकीय सत्ता शक्तिबाट किनारामा परेका किनारीकृत वा सीमान्तकृत समूदायको कथा हो। तैलुङ याम्बु अर्थात् राजाको दरबारबाट नजिकै भएकाले बाहिरबाट हेर्ने मान्छेले याम्बुनै ठान्छन् तर याम्बुको नजिक भएर पनि सबैभन्दा टाढाको अनुभूति गर्ने ती समुदायको कथाव्यथा अरूलाई थाहा हुँदैन। 'याम्बुनेर' त्यही शासकीय सत्ताभन्दा धेरै टाढा रहेका समुदायको कथा हो। यो राज्यले जात, धर्म, भूगोल, संस्कृति र शारीरिक बनावट वा खास नश्लका आधारमा गरिएको विभेद र ती किनारीकृत सीमान्तकृतको कथा हो।

वि.सं २०५२ सालपछि काँठको भूगोलमा देखेभोगेका गरिब तामाङहरू (जसले रक्सी र जाँड पारेर आफ्नो आजीविका चलाइरहेका थिए) को जीवनदशा, कथाव्यथालाई प्रस्तुत गर्ने क्रममा यसले कथाको संरचना प्राप्त गरेको हो। देशको राजधानी नजिकै भएर पनि राज्यको शासनसत्ताबाट किनारामा रहेका, गरिबीले थिचिएका र राज्यशक्तिबाट प्रताडित तामाङ समुदायका युवाहरूको दयनीय अवस्थाको चित्रण यस कथामा छ। त्यतिमात्र नभएर आफ्नो जीविका चलाउनका लागि पुर्खादेखि गर्दै आएको पेसामा सत्ताले गरेको निषेध र सौतेनी व्यवहारबाट पीडित भएका युवाहरूको पलायन र पलायन पनि हुन नसकेका र आफ्ना घरका बुढाबुढीको औषधोपचारका निम्ति कमाउनु पर्ने बाध्यता र त्यो पेशाप्रति सत्ताको व्यवहारका पृष्ठभूमिमा सोममाया, पाँखुले र उनीहरूजस्ता पात्रले भोगेको दूर्नियतिका यथार्थसन्दर्भमा यस कथाको निर्माण भएको छ।

घरबार वा आफ्नो आजीविका चलाउनका निम्ति जाँड, रक्सी पारेर बजारमा लगेर बेच्नु र त्यसबाट आएको पैसाले घरधन्दा चलाउनु काँठका मानिसहरूको दैनिकी हो। जाँड पकाउनका लागि शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा घाँसदाउरा गर्न जानु पर्ने, घाँसदाउरा गर्दा निकुञ्ज सुरक्षार्थ खटिएका आर्मीले भेटेमा दुःख दिन्छन् भन्ने जान्दा जान्दै पनि जानु पर्ने बाध्यता त्यहाँका जनतामा रहेको छ। त्यतिमात्र नभएर जाँड, रक्सी पारेर बेच्न पनि लुकेर जानु पर्ने, प्रहरीले भेट्दा पोखी दुःख दिने जस्ता कार्यका बाबजुद पनि बाँच्नका लागि ती कार्य गर्नुपर्ने बाध्यता यस कथाका पात्रसामु रहेको छ। अझ पुँजीवादी आर्थिक संरचनालाई समर्थन गर्ने हाम्रो सत्ताले ग्रामीण जीवनमा उत्पादन भएका वस्तु नष्ट गर्दै विदेशी वस्तुलाई आयात गर्ने र अन्तर्राष्ट्रिय वस्तुको विक्रीवितरणलाई सहज बनाएर गरिबको भाग खोसी पुँजीपति वा पुँजीवादी आर्थिक उत्पादन पद्धतिको पक्षपोषण गर्ने शासन सत्ताप्रतिको विद्रोहको झिल्का पनि यस कथामा देख्न सकिन्छ। यस कथामा सोममायाका धेरैजसो कथनमा उसले पीडा, निरीहता, दिक्दारी, हतार, डर र त्रासको अनुभूति गरेको देखिन्छ। कथाको अन्त्यभागमा यिनै दबाब र तनावको अनुभूतिले सोममायामा विद्रोहको भावना पनि सिर्जित भएको देखिन्छ। यही आख्यान सन्दर्भमा कथाको संरचनाको निर्माण भएको छ।

**४. याम्बुनेर कथामा संस्कृति र अनुभूति : पिँढी र प्रभुत्वको परिप्रेक्ष्य :**

याम्बुनेर कथाको कथ्य शासकीय सत्ता र शक्तिभन्दा धेरै पर वा किनारामा रहेका व्यक्ति वा समुदायको सामाजिक अवस्थामा उभिएको छ। यो कथा सोममाया र पाँखुले अनि उनीहरूजस्तैको आर्थिक नियति र उनीहरूले भोग्नु परेको शासकीय सत्ताको दमन, उत्पीडन, शोषणको सामाजिक आर्थिक संरचनाको परिणाम हो। यस कथामा दलाल पुँजीवाद र सामन्तवादको पक्षपोषण गर्ने राज्यव्यवस्था र त्यसबाट सिर्जित अनुभूतिको संरचना नै साँस्कृतिक उत्पादकका रूपमा देखा पर्दछ।

यस कथामा आर्थिक दृष्टिले हेर्दा सोममाया र पाँखुले र उनीहरूजस्तै त्यस काँठका तामाङ समूदायका हुँदा खाने वा निम्नवर्गीय पात्रहरू आएका छन् भने यहाँ आएका आर्मी अधिकारी र सिपाहीहरू सामन्तवादी शासनसत्ताका प्रतिनिधित्व गर्ने पात्रहरू हुन्।

पिँढीगत हिसाबले सेना वा सिपाहीहरूले तत्कालीन नेपाली समाजका प्रभुत्वशाली पिँढीको प्रतिनिधित्व गर्दछन्। विलियम्सले पिँढीको चर्चा गर्ने क्रममा नै ‘‘समाजमा प्रायः पहिलो पिँढी शासकतुल्य वा प्रभुत्वशाली हैसियतमा रहेको हुन्छ र दोस्रो(अझ तेस्रो)पिँढीले अघिल्लो पिँढीको प्रभुत्वका विकल्पमा आफ्नो अनुभूतिको संरचना निर्माण गर्छ (पाण्डेय, २०७८,पृ.३१) भन्ने मान्यता प्रस्तुत गरेका छन्। यहाँ पहिलो पिँढी वा प्रभुत्वशाली पिँढीको रूपमा शासकीय शक्ति वा सत्ता आएको छ। उनीहरू यहाँ सामन्तवादी शासनसत्तारूपी प्रभुत्वशाली पिँढीको प्रतिनिधित्व गर्न सक्षम रहेका छन्। सिपाहीहरूले र सेनाहरूले प्रत्यक्षरूपमा शासकीय सत्ता र प्रतीकात्मक रूपमा सामन्तवादी प्रवृत्तिको प्रतिनिधित्व गरेका छन्। उनीहरू सिङ्गो पिँढी र सिङ्गो समुदायको प्रतिनिधित्व गर्न सक्षम छन्। पाँखुले र अन्य साथीहरू अवशिष्ट पिँढीका प्रतिनिधिका रूपमा आएका छन्। उनीहरूले त्यस शासकीय सत्ताको दमन, शोषण र थिचोमिचोलाई चुपचाप सहन बध्य भएका छन् र पाँखुलेबाहेकका पुनम, सानु र लालीजस्ता पात्रहरू विदेश पलायन हुन बाध्य भएका छन्। त्यस्तै यस कथाकी प्रमुख पात्र सोममाया भने उदीयमान पिँढीको प्रतिनिधि पात्र हो। उसले कथाको सुरुवातमा त्यति सारो शोषण र अत्याचारको विरुद्धमा विद्रोह गर्न नसके पनि त्यसको प्रतिरोध गरेकी छ तर अन्त्यतिर उसले विद्रोहको बाटो समातेको कथाले प्रतीकात्मक अर्थ दिन्छ। त्यसैले नवीन संस्कृतिको उदय गराउने सङ्केत उसका कार्यबाट देखिने भएकाले सोममाया यस कथाकी उदीयमान पिँढीको प्रतिनिधि हो।

प्रत्यक्षरूपमा सामन्ती स्वभावका पात्रहरूको सिर्जना नगरे पनि सामन्तवादी र पुँजीवादी आर्थिक उत्पादन ढाँचालाई समर्थनमात्र नभएर त्यसको पक्षपोषणसमेत गर्ने शासकीय सत्ताको प्रतिनिधित्व गर्ने सिपाहीहरूले शासकीय प्रभुत्वशाली पिँढीको निर्माण गरेका छन्। दमन र उत्पीडनकारी पिँढीको निर्माण भएको छ। यिनीहरू आफ्नो प्रभुत्व कायम राखीराख्न र अर्को पिँढीलाई आफ्नो अधिनस्थ बनाउन प्रयासरत रहेका छन्।

कथाको सुरुकै अनुच्छेदमा सोममायाको पछाडिबाट आएको ‘त्यो खुर्पा भुइँमा राख्। तोंलाई वनमारा।’ (पृ ४५) भन्ने धोद्रो आवाज र त्यो आवाजबाट पैदा भएको सोममायाको डर अनि यति माथिसम्म नआउनुपर्ने थियो भन्ने पश्चात्ताप र ग्लानिले त्यस कुराको पुष्टि गरेको छ। हुन त यो माथिल्लो वाक्य आफूजस्तै एकै गाउँको आफूलाई प्रेम गर्ने पाँखुलेले झुक्याउन भनेको भए पनि सोममायामा प्रभुत्वशाली पिँढीरूपी सेनाको थिचोमिचो र तिनको शोषण, दमन र उत्पीडनको डर रहेको देखिन्छ। अझ त्यहाँका मानिसका लागि सेना सुखदुःखको साथी नभएर पीडा र दमनको प्रतीक थिए र तिनीहरूसँग जनता सँधै त्रसित रहनुपर्ने बाध्यता थियो

भन्नेतर्फ पनि सङ्केत पाइन्छ। त्यतिमात्र नभएर यस प्रसङ्गलाई पुष्टि गर्ने अंश कथामा अरू पनि रहेका छन् ।

"सालेहरू, यिनार्ले गर्दा हाम्रो निद्रा हराम छ। अँध्यारोमै जङ्गल छिर्छन्। माओवादीजस्ता। केटाहरू, यिनार्को खुर्पा खोस् !...'ओइ, केटीहरू ल भारी बोक् ! हिँड् पोस्टमा। खातिरदारी गर्ने रे हाम्रो सापले तिमारको ।'...साइमोको पाखुरा च्याप्यो। साइमो आत्तिई। सोममाया, पुनम, लाली, सानुका आँखामा आतङ्क नाच्यो (पृ.५३)। यी वाक्यांशले त्यहाँका गरिब किसानहरूलाई सेनाले कतिसम्म सकस दिन्थे, धम्की दिन्थे र ती जनताहरू कस्तो त्रासमा बाँच्न विवश थिए भन्ने तर्फ सङ्केत गरेको छ।

यस्तै गरिबले आफ्नो घरमा उत्पादन गरेको रक्सी बेच्न गैरकानुनी हुने तर सिलप्याक भने कानुनी हुने यस्तो विभेदलाई लेखकले प्रस्तुत गरेकी छन्। दलाल पुँजीवादी वा सामन्तवादी उत्पादनलाई संरक्षण गर्न र ग्रामीण उत्पादनमा रोक लगाउने सामन्तवादी प्रवृत्तिको विरोध पनि सोममायाले गरेकी छ। त्यस्तै गरिबको भाग नै खोसेर शासकहरू रमाउँछन्, दुःखीको दुःख र चिच्चाहट उनीहरूले सुन्दैनन् भन्ने कुराको सङ्केत पनि छ : " किन नापाउने ? बजारभरि सिलप्यक चैं बेच्न हुने। हाम्रो चैं किन नाहुने ?"...."तेरो बाउको सम्पत्ति हो रा ? मुर्दार् ! मोर्न नासाकेको। पापी ! असत्ती ! गरिबमारा !' सोममायाले जवानलाई सरापी। उसका खुट्टा थर्रर काँपिरहेका थिए। आक्रोशले। तर, जवानलाई त्यस्तो केही असर परेन (पृ.५६)। यहाँ सोममायाले र पाँखुलेले आजीविकाका लागि ठेक्का लगाएको ठाउँमा रक्सी पुर्‍याउन बोकेर लगेको बेलामा सिपाहीको एक जवानले बाटो छेकेर थानामा लैजान खोज्छ। त्यसको सोममायाले प्रतिकार गर्दा रक्सीको जर्किन बाटोमा खसेर पोखिएपछि सोमायाले अभिव्यक्त गरेकी हो। उसले यहाँ केही प्रतिवाद गर्ने प्रयास पनि गरेकी छ तर त्यसको केही प्रभाव भने जवानमा परेको छैन। उसले बजारभरि सिलप्याक चै बेच्नहुने तर ग्रामीण उत्पादन किन बेच्न नहुने ? भनी प्रतिवाद गरेकी छ। आफ्नो मिहिनेत बाटोमा बगाइदिँदा पाखुले र सोममायाको मन रोएको छ। उनीहरूले ठेक्काबुझाएर घरखर्चका निम्ति कति सामान किन्ने सोचेका थिए त्यो पनि रक्सी जसरी बाटोमा नै पोखियो।

कथाको अन्त्यतिर सिपाहीको एक दर्जन जवान आएर गाउँलाई नै त्रस्त बनाएको प्रसङ्ग प्रस्तुत गरिएको छ। उनीहरूले गाउँमा हात्ती मिचाइँ गरेका छन्। गाउँलेहरूको उत्पादनको स्रोत फुटाउने, कोच्याउने र राम्रा भाँडा लैजाने कार्य गरेका छन्। उनीहरूलाई पेसा परिवर्तन गर्न र फेरी रक्सी पारेको थाहा पाएमा थानामा लैजाने धम्की पनि दिएका छन्। यसरी उनीहरूले गाउँलेहरूको मुखमा ताल्चा लगाउन र उनीहरूको उत्पादन प्रणालीले असर गरेका सामन्तवादी चरित्रको संरक्षण गर्न प्रहरीहरूले उत्पादन वस्तुमा कब्जा गर्दै धनीहरू झन् मोटाउने र गरिबहरू झन् पातलिँदै जाने वातावरण सिर्जना गरिदिएको देखाइएको छ।

अवशिष्ट पिँढीका रूपमा पाँखुले र सोममायाका जङ्गल जाने साथीहरू आएका छन्। उनीहरू त्यही सत्ताको थिचोमिचोलाई सहन र सत्ताले गरिब जनताको शोषणका निम्ति बनाएका नियमलाई आफ्नै नियम ठानेर बस्न बाध्य भएको कुरालाई प्रस्तुत गरिएको छ। अझ उनीहरूले प्रभुत्वशाली पिँढीको नियम र संस्कृतिलाई आफ्नै संस्कृतिका रूपमा अचेतनस्तरमा स्वीकार गरेको देखाइएको छ। त्यसबेला ब्राह्मण वा क्षेत्रीय जाति सत्ता र शक्तिको केन्द्रमा थिए। उनीहरूको संस्कृतिमा जाँड वा रक्सी पार्ने चलन थिएन। त्यही चलनलाई उनीहरूले सम्पूर्ण भूभागमा विस्तार गरेका थिए र त्यही संस्कृतिलाई अचेतनस्तरमा काँठका तामाङ समुदायले आफ्नै संस्कृति स्वीकार गरेका छन्। यसबाट ग्राम्सीले भनेझैं र विलियम्सले स्वीकार गरेझैं यहाँ दोस्रो पिँढी वा समुदायले पहिलो पिँढीको संस्कृतिलाई कसरी आफ्नो भनी अवचेतनस्तरमा ग्रहण गर्दै जान्छ भन्ने

कुराको सङ्केत पाइन्छ । जस्तै : ...‘मो त विदेश जाने सोममाया । दाउरा काट्न दिन्न अपराधीहरूले । रक्सी केले पार्ने ? पैसाको मुखै देख्न पाइन्न ।’ पुनमले दाउराको भारी बिसाई । ऊ आगामी दिनको लागि चिन्तित थिई (पृ.५३) । यसबाट उनीहरूको सत्तारूपी प्रभुत्वशाली पिँढीको मान्यतालाई स्वीकार गरेर पलायनको बाटो खोजेको प्रस्ट देखिन्छ । उनीहरूमा अब कसरी घर चलाउने भन्ने चिन्ता भएपनि सत्ताको अगाडि निरीह बन्न पुगेका छन् । यहाँ पात्रका रूपमा सोममाया र पाँखुले आएपनि उनीहरूजस्तै काँठमा बस्नेको दुर्नियति व्यक्त भएको छ ।

**५. दबाब र तनाबका परिप्रेक्ष्यमा अनुभूतिको संरचना**

याम्बुनेर कथाको संरचना वस्तुतः प्रभुत्वशाली शासकीय संस्कृतिका दबाबमा अर्को समुदाय वा पिँढीले गरेको विशिष्ट अनुभूतिको संरचनामा आधारित छ । यहाँ आएका आर्मी र सिपाहीहरुको समुदाय वा पिँढीले गरेको आर्थिक उत्पीडन र सामन्तवादी शासकीय हेपाहा प्रवृत्तिले सोममाया, पाँखुले र उनीहरूका अन्य साथीका साथै त्यो तामाङ समुदायका मानिसमा जन्मिएको अनुभूतिबाटै यस कथाको अन्तर्वस्तुको निर्माण भएको छ ।

यस कथा सामन्तवादरूपी शासकीय सत्ताको समाज व्यवस्थामा विपन्न र गरिब समुदायले गरिरहेको जीवनानुभूति र उनीहरूको उत्पीडन र शोषणकारी व्यवहारले सिर्जना गरेको दबाबजन्य अनुभूति यसको विषयवस्तु हो ।

कथाको आरम्भदेखि नै सोममायाको दबाबजन्य अनुभूतिको प्रभावकारी किसिमले प्रस्तुति भएको छ । कथाको पहिलो अङ्कको पहिलो अनुच्छेदमा नै सोममाया दाउरा काटिरहेको बेलामा पछाडिबाट आएको ‘त्यो खुर्पा भुइँमा राख् ! तौँलाई वनमारा ।’ यस वाक्यबाट नै यसमा निकुञ्जको निरीक्षणमा रहेका आर्मीहरूको धम्की र शक्ति सामु ऊ तर्सिएकी छ । उसले डर र त्रासको अनुभूति गरेकी छ । ती आर्मीहरूले त्यहाँभन्दा पहिला पनि उनीहरूमाथि गरेको लछारपछार र धम्कीका कारण उनीहरूको आवाज र पदचापबाट नै उसमा त्यस डरको अनुभूति भएको छ । त्यतिमात्रै नभएर डरले शरीर र शरीरका अङ्ग गह्लुङ्गो भएको, मुख खुलेको खुल्यै भएको अनि खुट्टा एक डग पनि हिँड्न नसकेको अनुभूति गरेकी छ । दबाब र दमनले नयाँ अनुभूतिको जन्म गराउँछ भनेझैं उसमा डरले हिँसा गर्ने उत्साहको अनौठो अनुभूति पनि जन्माएको छ । डर र आक्रमणको अनौठो अनुभूति उसमा देखिन्छ । यस्तो डरको अनुभूति गर्ने ऊ मात्रै होइन । ऊजस्ता निकुञ्जभित्र घाँसदाउरा गर्ने त्यस काँठका सम्पूर्ण जनताले गर्ने अनुभूति हो । यसलाई पुष्टि उही सोममायाले गरेको पूर्वस्मृतिबाट गर्न सकिन्छ ।

> ‘यो रूखो आवाजले साङ्मो भयभीत भई, उसले रूखको फेदमा हेरी । शिरपुच्छर टाटेपाटे मान्छेले ऊतिर राइफल तेर्स्याइरहेको रहेछ । त्यहीबेला नजिकैको रूखको चरा उड्यो । चरासँगै साङ्मोको सातो उड्यो । ऊ कातर आँखा बोकेर ओर्लिई । एकपटक टाटेपाटेलाई हेरी, तुरून्तै भुइँमा हेरी । रूखो आवाज निकाल्ने टाटेपाटेको आँखीभौँ एकदमै बाक्ला थिए, यत्ति याद छ । छिनमै सोममाया र उसका साथीहरू भेला भए । भेला हुनेमा अरू दुईजाना टाटेपाटेहरू पनि थिए ( पृ. ५२) ।’......‘मो त विदेश जाने सोममाया । दाउरा काट्न दिन्न अपराधीहरूले । रक्सी केले पार्ने ? पैसाको मुखै देख्न पाइन्न (पृ ५३) ।’

यहाँ साङ्मो डराएको प्रसङ्ग आएको छ । ऊ मात्रै नडराएर ऊसँग रहेका सबै साथीहरू पनि डराएका छन् । उनीहरूको धरपकड र लछारपछारले सबैको सातो गएको छ । यही त्रासकाकारण पुनमले आफू विदेश जाने कुरा व्यक्त गरेकी छ । ऊ मात्रै नभएर सानुले पनि त्यही मनसाय व्यक्त गर्छे । उनीहरू पलायनको बाटो रोज्न बाध्य हुन्छन् ।

सोममायाले २२ वर्ष अघिको कुरा सम्झँदा उसले आफु देशको शासनसत्ताबाट किनारामा रहेको र राज्यले आफूलाई तिरस्कार गरेको अनुभूति गरेकी छ। आफूँ पिपा वा दास सरोबर रहेको र समाजमा आफ्नो अस्तित्व फाँटका वस्तिका पक्की घरमा थोरै मात्रामा तामाङका घर भएजस्तै राजकीय सत्तामा आफ्नो समुदायको थोरै मात्र पहुँच वा प्रतिनिधित्व रहेको अनुभूति गरेकी छ। आफ्नो घरबाट माथि पुगेका केही तामाङहरू र धेरै क्षेत्रीबाहुनलाई देखे पनि दरबार, धरहरा नदेखिने वा धमिलो देखिने प्रसङ्गले आफूहरू सत्ताबाट धेरै टाढा किनारामा रहेको सीमान्तीयताको अनुभूति गरेकी छ। यहीँबाट कथालेखनको मूल उद्देश्य प्राप्त हुन्छ। "धेरै जसो त क्षेत्री बाहुनकै घर थिए। थोरै मात्र तामाङका घरहरू थिए। प्रस्टै चिनिन्थ्यो। छर्लङ्गै देखिन्थ्यो। धमिलो देखिने त राजाको दरबार थियो, धरहरा थियो र चन्द्रागिरी डाँडा थियो (याम्बुनेर, पृ. ५०)।" आमा विरामी भएकाले घर धान्नका लागि रक्सी पारेर बजारमा लैजानु पर्ने बाध्यतालाई कथामा प्रस्तुत गरिएको छ। यसबाट रक्सी पार्नु पर्ने दबाबजन्य अनुभूति सोममायाले गरेकी छ। त्यस्तै सिपाहीरूहरूले धरपकड गरेपछि उसका साथीहरूले यहाँ बसेर केही गर्न नसकिने भएकाले विदेसिनु पर्ने दबाब जन्य अनुभूति गरेका छन्। त्यस्तै सोममायाले आफूले जानेको र गर्न सक्ने यही रक्सी पार्ने हो र आमाबुबाको हेरचाह गर्ने हो भनी यथास्थिति मै रहेर केही गर्न बाध्य बनेकीले दबाब र तनाबको अनुभूति यहाँ गरेकी छ। त्यस्तै उनीहरूमध्येका सानु, पुनम र लालीले मलेसियातिर पखेटा हालेको प्रसङ्ग पनि दबाब र तनाबको परिणति हो।

सत्ताको थिचोमिचो र शोषणविरूद्ध सोममायाले विद्रोह गर्नुपर्ने बाध्यताको अनुभूति पनि गरेकी छ। पुँजीवादी सामन्तवादी उत्पादनसम्बन्धलाई संरक्षण गर्ने र ग्रामीण उत्पादनलाई ध्वस्त बनाएर परनिर्भर बनाउने, अनि गरिबलाई सँधै गरिबीमा नै बाँच्न बाध्य बनाउने शासन सत्ताका विरूद्धमा विद्रोहको सङ्केत सोममायाले देखाएकी छ, जस्तै : 'किन नापाउने ? बजारभरि सिलप्याक चै बेच्न हुने हाम्रो चै किन नाहुने ?' सोममायाले जबरजस्ती गर्न छोडिन। उसले जवानको हात झट्काली (याम्बुनेर, पृ.५६)।' उसलाई घरको व्यवहार चलाउनका लागि र आमाको औषधी किन्नका लागि पैसाको आवश्यकता थियो अनि पैसाका निम्ति आफ्नो उत्पादनलाई बजारमा लगेर बेच्नुपर्ने बाध्यता थियो। त्यही बेला पुलिसले भेटेकाले उसमा ती आवश्यक सामान किन्न पर्ने बाध्यता र तनावले उसमा विद्रोहको अनुभूति जन्मिएको छ। यो दबाब र तनावको परिणति हो तर पाँखुलेमा भने विद्रोहको भावना देखिँदैन। उसमा डर मात्रै जन्मिएको छ। उसले डरको अनुभूतिमात्र गरेको छ।

उसमा रहेको यो विद्रोहको झिल्कालाई थप मलजल गर्ने काम कथाको उत्तरार्धमा भएको छ। कथाको उत्तरार्धमा एकदर्जन सिपाहीहरू एकाबिहानै सोममायाको गाउँमा आउँछन्। सोममायाले भर्खरै दुइवटा ओदान बसालेर रक्सी बनाउने तयारी गरिरहेकी थिई। सिपाहीहरूमार्फत सत्ताले त्यस गाउँका सबै घरको उत्पादित वस्तु पोख्ने र उत्पादनका साधन फुटाउने र त्यस उत्पादनका साधनमा कब्जा गर्ने कार्य गर्छ। सोममायाले यहाँ भाँडा नलैजान आग्रह गरी तर उनीहरूले मानेनन्। "'छोड्नुहोस् है नाना ! हामी खानतलासीमा आएका हौँ। वहाँ नयाँ इन्सपेक्टर साप्। माथिबाट आदेश आएको छ।' खिरिली ज्यानकी महिला प्रहरीले सोममायालाई धकेली।

सोममाया हुत्तिई। मिलिकमै ऊ फनक्कै फर्किई। उसले प्रहरीलाई ढोकामा छेकी (याम्बुनेर, पृ.५९)।" उसले प्रतिकार गर्दा अरू थप महिलाहरू आएर सोममायाको हात समाए, कपाल समाएर जगल्टाए, कोहीले लात्ताले तिघ्रामा हाने। सत्ता गरिब महिलामाथि शारीरिक र मानसिक दुबै पीडादिन कहिल्यै पछि परेन। यसरी सत्ता गरिब निमुखाको थिचोमिचोमा नै रमाउने गर्छ भन्ने भाव व्यक्त भएको छ। त्यस्तो थिचोमिचोबाट ती निरीह

जनताले सत्ताबाट सँधै त्रास र भयको अनुभूति गर्नु पर्ने अनि आफ्नो पेशालाई त्याग्नु पर्ने दबाब र तनाबको अनुभूति पनि गरेका छन् तर सोममाया भने आफ्नो पेसा त्याग्ने पक्षमा छैन बरू ऊ त त्यसलाई सुधार गर्नु पर्ने र आफ्नो उत्पादनले बजार पाउनुपर्ने पक्षमा छे। ऊ सिपाहीहरूको धम्कीमा डराएकी छैन। उसले यहाँ पनि विद्रोह गरेकी छ :

“अरू काम ता जान्दैन गार्न। पढाइ छाइन। सिल्पाक बनाउनेलाई  खोई गारेको कारबाई ? कि उनारूले नै घुस ख्वाएर हामी गरीबलाई यसो गारेको ? गरीबलाई मात्रो लाग्छ एईन ? हाम्ले गारेको काम गइरकानुनी भए कानुनी तारिका सिकाईदेऊ ना बारू। भाँती पुगाएरै पार्छु नि राक्सी।’ सोममाया स्थिर थिई, उसले अस्थिर उत्तर दिई (पृ. ६०)।” यस अंशबाट सोममायामा सत्ताको दमन र तनाबको परिणति स्वरूप विद्रोहले निश्चित मोड लिएको छ। उसले एक्लै सत्ताको विरूद्ध जाने निर्णय गरेकी छ। यसले उदीयमान पिँढीको सङ्केत पनि गर्छ।

कथाको अन्त्यमा “बिहान घामसँगै सोममाया डोको बोकेर बजारतिर ओर्लिई। देवीको सुनपसलमा छिरी। पोल्टाबाट सुनको रिङ झिकी। त्यो उसले हिजो राति आमासँग मागेकी थिई। आस्याङले आमाको चारदाममा दिएको सुन थियो त्यो। रक्सी पारेर बनाइदिने शर्तमा बेच्न ल्याएकी थिई। ... सबै सामान डोकोमा राखेर सोममाया बिस्तारै बजारलाई पुछारमा छोड्दै गाउँतिर उक्लिई। याम्बुनेर उही सुतिखेतीको मेलो पक्डेर (पृ. ६१)।” लेखिकाले कथामा सोममायाले विद्रोह गरेर समाजमा परिवर्तन आएको देखाएकी छैनन्। यहाँ विद्रोहको बीजमात्र रोपेर छोडेकी छन्। उदीयमान पिँढीले आफ्नो विचारलाई र संस्कृतिलाई समाजमा प्रतिस्थापित गर्ने प्रयास मात्र गरेको देखाइएकी छन्। यसबाट समाजमा ती उदीयमान पिँढीको संस्कृति स्थापित भएको छैन भन्ने प्रष्ट हुन्छ।

**६. निष्कर्ष**

‘याम्बुनेर’ कथालाई रेमन्ड विलियम्सद्वारा प्रतिपादित सिद्धान्त अनुभूतिको संरचनाका दृष्टिले विश्लेषण गरिएको छ। यस कथामा सोममाया, पाँखुले र उनीहरूका साथीहरूले भोगेको दबाब र तनावजन्य जीवनदशा र त्यसबीचका उनीहरूका विशिष्ट अनुभूतिलाई हेर्दा यसमा पिँढीगत अनुभूतिको संरचना निकै सशक्त ढङ्गले व्यक्त भएको देखिन्छ। शासकीय सत्तारूपी प्रभुत्वशाली पिँढीको सामाजिक, राजनीतिक र आर्थिक आधिपत्य र त्यसको प्रभावमा परेका विपन्न तामाङ समुदायको सङ्कटमय कारूणिक जीवनदशा अनि त्यसलाई बदल्ने र त्यसबाट मुक्ति पाउने चाहनाले सिर्जित दबाब र तनावका कारण सोममायाजस्ता पात्रले गरेको सङ्घर्षले कथामा विशिष्ट प्रकारको अनुभूतिको संरचना निर्माण भएको छ र यसैबाट कथाको अन्तर्वस्तुको निर्माण पनि भएको छ। यहाँ सोममायाले प्रभुत्वशाली पिँढीबाट गरिएको थिचोमिचो र शोषणको परिणाम स्वरूप सङ्घर्ष र विद्रोहको बाटो समातेकी छ। उसको यो कार्यबाट वैकल्पिक पिँढीको उदयको सङ्केत प्राप्त गर्न सकिन्छ। कथाको सुरुमा सोममाया प्रभुत्वशाली पिँढीको दमनलाई सहन बाध्य भएकी छ। उसले राज्यबाट किनारामा रहेको सीमान्तीय अनुभूति गरेकी छ। त्यही सीमान्तीय अनुभूतिबाट उसमा विद्रोह जन्मिएको पनि देख्न सकिन्छ। त्यस्तै पाँखुलेबाहेकका उसका साथीहरू त्यही दबाब र तनावका कारण पलायन हुन बाध्य भएका छन् तर कथाको मध्यभागमा केही विरोध गर्ने साहस गरेकी सोममायाले कथाको उत्तरार्धमा भने विद्रोह गरेर नयाँ पिँढीको उदय भएको सङ्केत गरेकी छ। यसबाट सामन्ती सत्ताको विरोध र उदात्त संस्कृतिको स्थापनाको

सङ्केत भने पाइन्छ । प्रस्तुत कथाले केही वर्षअधिको विषयवस्तुलाई विश्वसनीय र यथार्थढङ्गले प्रस्तुत गरेको छ र यही यस कथाको सबल पक्ष हो ।

**सन्दर्भसामग्री सूची**

थिङ, बिना.(२०७७) याम्बुनेर. काठमाडौँः फिनिक्स बुक्स ।

पाण्डेय, ताराकान्त. (२०७८) मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र. ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, मैनेजर.(सन् २००६) साहित्य के समाजशास्त्र की भूमिका. (तृ.सं.) पंचकूला : हरियाणा साहित्य अकादमी ।

Eldridge John and Lizzie (2005) *Raymond Williams Making Connection,* eLiberary edition, Newyork and london.